# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७५) काठमाडौं, असोज ५ गते, २०८२ साल (अतिरिक्ताङ्क २७


# भाग २

## नेपाल सरकार

## कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

नेपालको संविधान बमोजिम सङ्घीय संसद्ले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

### संवत् २०८२ सालको ऐन नं. ०८

### नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न बनेको ऐन

**प्रस्तावना :** नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

सङ्घीय संसदले यो ऐन बनाएको छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>** : (१) यस ऐनको नाम "नेपाल नागरिकता (दोस्रो संशोधन) ऐन, २०८२" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **<u>नेपाल नागरिकता ऐन, २०६३ को दफा ३ मा संशोधन</u>** : नेपाल नागरिकता ऐन, २०६३ (यसपछि "मूल ऐन" भनिएको) को दफा ३ को,-

(१) उपदफा (४) पछि देहायको उपदफा (४क) थपिएको छः-

"(४क) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि बाबु वा आमा मध्ये कुनै एकले जन्मको आधारमा नेपाली नागरिकता प्राप्त गरेको र अर्कोको नेपाली नागरिकता प्राप्त गर्नु अगावै मृत्यु भएको वा सम्पर्कविहीन रहेको व्यक्तिको हकमा दफा ५ को उपदफा (५क) बमोजिम हुनेछ।"

(२) उपदफा (५) पछि देहायको उपदफा (५क) थपिएको छ :-

"(५क) नेपालको नागरिक आमाबाट नेपालमा जन्म भई नेपालमा नै बसोबास गरेको व्यक्तिको बाबु सम्पर्कविहीन भई बाबुको पहिचान हुन नसकेको वा आमाले बाबु यिनै व्यक्ति हुन् भनी पहिचान गराउन नसकेको वा त्यस्तो व्यक्तिको जन्मदर्ता वा शैक्षिक योग्यताको प्रमाणपत्र वा अन्य कुनै प्रमाणमा बाबुको नाम उल्लेख भए तापनि बाबुको पहिचान खुलाउन नसकेको भनी निज र निजको आमाले स्वघोषणा गरेमा त्यस्तो व्यक्तिको बाबुको पहिचान हुन नसकेको मानिनेछ



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

र निजले उपदफा (५) बमोजिम वंशजको आधारमा नागरिकता प्राप्त गर्नेछ।"

३. **<u>मूल ऐनको दफा ५ मा संशोधन</u> :** मूल ऐनको दफा ५ को,-

(१) उपदफा (३) को खण्ड (ग) मा रहेको "निजले" भन्ने शब्दको सट्टा "निज र निजको आमाले" भन्ने शब्दहरू राखी सो खण्डमा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छ :-

"तर निवेदन दिँदाका बखत आमाको मृत्यु भइसकेकोमा सोको प्रमाण वा होस ठेगानमा नरहेकोमा सोही व्यहोरा खुलाई चिकित्सकले प्रमाणित गरेकोमा आमाको स्वघोषणा आवश्यक पर्ने छैन।"

(२) उपदफा (५) पछि देहायका उपदफा (५क) र (५ख) थपिएका छन् :-

"(५क) दफा ३ को उपदफा (४क) बमोजिमको व्यक्तिले सो बमोजिमको स्वघोषणा गरेमा तोकिए बमोजिम अङ्गीकृत नागरिकता प्राप्त गर्न सक्नेछ।

(५ख) नेपालको नागरिक आमाबाट विदेशमा जन्म भई नेपालमा स्थायी बसोबास गरेको, विदेशको नागरिकता वा राहदानी नलिएको र बाबुको पहिचान नभएको व्यक्ति र निजको आमाले तोकिए बमोजिम स्वघोषणा गरेमा अङ्गीकृत नेपाली नागरिकता प्राप्त गर्न सक्नेछ।"

४. **<u>मूल ऐनको दफा ८क. मा संशोधन</u> :** मूल ऐनको दफा ८क. को,-

(१) उपदफा (१) पछि देहायको उपदफा (१क) थपिएको छ :-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"(१क) कुनै व्यक्तिले नागरिकताको प्रमाणपत्रमा आमा वा बाबुमध्ये कुनै एकको नाम, थर र ठेगाना उल्लेख गर्न नचाहेको भनी निवेदन दिएमा त्यस्तो व्यक्तिलाई दिइने नेपाली नागरिकताको प्रमाणपत्रमा निजले उल्लेख गर्न नचाहेको आमा वा बाबुको नाम, थर र ठेगाना उल्लेख नगरी दिनु पर्नेछ।"

(२) उपदफा (२) मा रहेका "उपदफा (१)" भन्ने शब्दहरू पछि "र (१क)" भन्ने शब्दहरू थपिएका छन्।

**५.** **<u>मूल ऐनको दफा १८ मा संशोधन</u> :** मूल ऐनको दफा १८ को सट्टा देहायको दफा १८ राखिएको छः-

"**१८. <u>निवेदन दिन सक्ने</u> :** (१) यस ऐनमा अन्यथा लेखिएकोमा बाहेक कुनै अधिकारीले यो ऐन बमोजिम दिएको आदेश वा गरेको निर्णयबाट मर्का पर्ने व्यक्तिले त्यस्तो आदेश थाहा पाएको मितिले पैंतिस दिनभित्र सम्बन्धित जिल्ला प्रशासन कार्यालय मार्फत वा सोझै नेपाल सरकार, गृह मन्त्रालयको सचिव समक्ष निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको निवेदन प्राप्त भएमा गृह मन्त्रालयको सचिवले आदेश दिने वा निर्णय गर्ने अधिकारीबाट तिस दिनभित्र प्रतिवेदन प्राप्त गरी त्यस्तो प्रतिवेदन प्राप्त भएको तिस दिनभित्र निवेदनउपर आफ्नो निर्णय वा आदेश दिनु पर्नेछ र निजले गरेको सो निर्णय वा आदेश अन्तिम हुनेछ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन बमोजिम नेपाल सरकारले



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गरेको आदेश वा निर्णय उपर यस दफा बमोजिम निवेदन दिन पाइने छैन।"

६. **<u>मूल ऐनको दफा २० मा संशोधन</u>** : मूल ऐनको दफा २० को उपदफा (२) मा रहेका "आफूलाई प्राप्त अधिकार कुनै अधिकृत कर्मचारीलाई" भन्ने शब्दहरूको सट्टा "आफूलाई प्राप्त अधिकार मध्ये केही अधिकार कुनै अधिकृत कर्मचारी वा कार्यालय प्रमुख भई काम गर्ने कम्तीमा राजपत्र अनङ्कित प्रथम श्रेणीको कर्मचारीलाई" भन्ने शब्दहरू राखिएका छन्।

७. **<u>मूल ऐनको दफा २१ मा संशोधन</u>** : मूल ऐनको दफा २१ को उपदफा (३क) मा रहेका "खण्ड (ग)" भन्ने शब्दहरूपछि "वा उपदफा (५क) वा उपदफा (५ख)" भन्ने शब्दहरू थपिएका छन्।"

८. **<u>मूल ऐनमा दफा २२क. थप</u>** : मूल ऐनको दफा २२ पछि देहायको दफा २२क. थपिएको छ :-

"२२क. **<u>नाबालक परिचयपत्र प्रदान गर्ने</u>** : बाबु वा आमामध्ये एकजना नेपाली नागरिक रहेको वा दफा ८ को उपदफा (१) को खण्ड (ग) बमोजिमको नाबालकलाई दफा २० बमोजिमको अधिकारीले तोकिएको ढाँचामा नाबालक परिचयपत्र प्रदान गर्नेछ।"

प्रमाणीकरण मितिः २०८२।०६।०५

**आज्ञाले,**
**पाराश्वर ढुङ्गाना**
**नेपाल सरकारको सचिव ।**



**मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू.५।-**
**गो.हु.द.नं. १६।२०६२।६३**

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।